Coronavirus CivActs Campaign presents

FAIR FACTS

अंक
११९
१।०५।२०७८

सिन्धुपाल्चोकको इन्द्रावती खोलामा आएको बाढीले पुलसँगै सडक बगाएपछि बिरामीलाई स्ट्रेचरमा बोकेर अस्पताल लगिदै ।

तस्विर: केशवराज पौडेल

अफगानिस्तानमा रहेका नेपालीलाई उद्धार गर्नका लागि नेपाल सरकारले "विवरण संकलन फारम" जारी गरेको छ । त्यसका लागि तल दिईएको लिंकमा गएर विवरण भर्नुपर्ने छ ।

थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्

यस अंक भित्र

कोभिड - १९ विरुद्धको खोपको सन्दर्भमा सार्क राष्ट्रको अवस्था: को अगाडी, को पछाडी?

१४ अगाष्ट, २०२१ सम्म सबै भन्दा अगाडी भुटान र सबै भन्दा पछाडी बंगलादेश देखिन्छ ।

लाईन लाग्नु भन्दा पनि अनलाईनमा QR कोड पाउन मुस्किल छ ।

कुनै समस्या भएमा बरिष्ठ जनस्वास्थ्य अधिकृत दिपक झा लाई ९८४३२८४३५२ मा फोन गर्न सकिन्छ

सरकारले स्वास्थ्यकर्मीकै स्वास्थ्य बीमा गर्दैन ।

स्वास्थ्यर्मीले पाउनु पर्ने तलब भत्ताको कुरा त परै जाओस, अहिलेसम्म कसैको पनि स्वास्थ्य बीमा गरिएको छैन।

फ्याक्ट सिट

कोभिड - १९ विरुद्धको खोपको सन्दर्भमा सार्क राष्ट्रको अवस्था: को अगाडी, को पछाडी?

नेपाल

पूर्ण रुपमा खोप पाएको : **११.३४%**

आंशिक रुपमा खोप पाएको : **४.७०%**

पाकिस्तान

पूर्ण रुपमा खोप पाएको : **५.४१%**

आंशिक रुपमा खोप पाएको : **९.९४%**

स्रोत : https://ourworldindata.org/covid-vaccinations#
यो तथ्यांक १४ अगाष्ट, २०२१ सम्मको हो ।

भुटान

पूर्ण रुपमा खोप पाएको : **६१.६५%**

आंशिक रुपमा खोप पाएको : **७.६२%**

माल्दिभ्स

पूर्ण रुपमा खोप पाएको : **५४.१९%**

आंशिक रुपमा खोप पाएको : **८.९०%**

श्रीलंका

पूर्ण रुपमा खोप पाएको : **१७.६३%**

आंशिक रुपमा खोप पाएको : **३६.२३%**

भारत

पूर्ण रुपमा खोप पाएको : **८.७९%**

आंशिक रुपमा खोप पाएको : **२१.८३%**

बंगलादेश

पूर्ण रुपमा खोप पाएको : **३.१७%**

आंशिक रुपमा खोप पाएको : **६.१९%**

अफगानिस्तानको सन्दर्भमा पूर्ण रुपमा खोप पाएको र आंशिक रुपमा खोप पाएको पूर्ण विवरण उल्लेख गरिएको छैन । तर, विश्व स्वास्थ्य संगठनका अनुसार १० अगाष्ट, २०२१ सम्म १८,०९,५१७ जनाले कोभिड - १९ विरुद्धको खोप प्राप्त गरेका छन् ।

हल्ला र तथ्य

दक्षिण कोरिया जाने श्रमिकलाई सरकारले खोप दिने भनेको छ । के खाडिका देशहरुमा जाने श्रमिकले उमेर समुह अनुसार नै पालो पर्खनु पर्ने हो ?

त्यस्तो होईन । अरु देशमा वैदेशिक रोजगारीमा जाने श्रमिकको हकमा, गन्तव्य राष्ट्रमा मान्यता प्राप्त खोप नेपालमा उपलब्ध भएमा भिषा र हावाई टिकटको आधारमा खोप दिने निर्णय यस अघी नै सरकारले गरिसकेको छ । कोरिया जाने श्रमिकको हकमा नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज र शैनिक अस्पताल छाउनीमा जोन्सन एण्ड जोन्सन खोप दिने व्यवस्था मिलाईएको छ ।

Source: https://cutt.ly/MQH6z9V

लाईन लाग्नु भन्दा पनि अनलाईनमा QR कोड पाउन मुस्किल छ । मैले अनलाईन फारम भरेको दुईदिन भईसक्दा पनि पाएको छैन नी ?

फारम भरेको ५ दिनभित्र QR कोड पाउने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । https://vaccine.mohp.gov.np/-public-request-for मा गएर आफ्नो दर्ता नम्बर र जन्म मिति राखेर प्रमाणपत्रको अवस्था बुझ्न सकिन्छ । पूर्ण विवरण सहित फारम भरेमा अनलाईन प्रणालीबाटै स्वत: भेरिफाई हुने भएकोले पालो आएपछि प्रमाणपत्र तयार हुने र आफै डाउनलोड गर्न सकिन्छ । यस विषयमा कुनै समस्या भएमा बरिष्ठ जनस्वास्थ्य अधिकृत दिपक झा लाई ९८४३२८४३५२ मा फोन गर्न सकिन्छ ।

Source: https://www.moha.gov.np/post/press-release-2056

पहिलो मात्रा खोप लगाएको ५ महिनापछि दोस्रो मात्रा खोप लगाउँदा खोपले केही काम गर्दैन भन्छन् नी ?

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, कोभिशिल्डको पहिलो मात्रा खोप लगाएको धेरै समयको अन्तरालमा दोस्रो मात्रा खोप लगाउँदा पनि प्रभावकारी हुने जनाएको छ । शुरुमा पहिलो मात्रा खोप लगाएको ४ हप्ताको अन्तरालमा दोस्रो मात्रा खोप लगाउनुपर्ने भनिएको थियो । तर, केही अध्ययनहरुले पहिलो मात्रा खोप लगाएको १२ हप्ता पछि दोस्रो मात्रा खोप लगाउँदा अझै बढी प्रभावकारी हुने पनि भनेका छन् । तर, एकिन तथ्य पत्ता लगाउन अझै अनुसन्धानहरु भईरहेकाछन् ।

Source: https://cutt.ly/mQJQNo9

कोभिड - १९ खोपको ताजा अपडेट

अहिलेसम्म प्राप्त जम्मा खोपको मात्रा **१,०५,२६,२७०**

कोभिशिल्ड खोप
३१,९१,४२०

- भारत सरकारबाट अनुदान प्राप्त ११,००,०००
- भारतबाट खरिद गारिएको १०,००,०००
- भुटान २,३०,०००
- जापान (कोभ्याक्स सुविधा) ५,१३,४२०
- कोभ्याक्स सुविधा (गाभी)बाट अनुदान प्राप्त ३,४५,०००

भेरोसेल खोप
५८,००,०००

- चीन सरकारबाट अनुदान प्राप्त १८,००,०००
- चीनबाट खरिद खगारिएका ४०,००,०००

जोन्सन एण्ड जोन्सन खोप
१५,३४,८५०

- संयुक्त राज्य अमेरिकाबाट अनुदान प्राप्त १५,३४,८५०

१८ वर्ष माथिको जम्मा जनसंख्या *(खोपको लागि योग्य जनसंख्या)*:
२,०२,९१,२५४

अघिल्लो हप्ता भन्दा
४%
ले बृद्धी

१८ वर्ष उमेर समुह माथि पूर्ण खोप प्राप्त जनसंख्या प्रतिशतमा
१६.५७%

१८ वर्ष उमेर समुह माथीको जम्मा जनसंख्यालाई आवश्यक जम्मा खोपको मात्रा
३,७५,१२,८०८

खोपको माग गर्दै विभिन्न समुह द्वरा विरोध प्रदर्शन

COCAP

- खोप केन्द्रहरुमा हुलदंगा
- खोपको प्राथमिकतालाई मिचेको
- खोप केन्द्रहरुमा कर्मचारीलाई गारिएको दुर्व्यवहार
- चिनेजानेका मान्छेलाई खोप दिएको

श्रमिक साथी

Shramik Sanjal

वैदेशिक रोजगारीको शिलशिलामा यूएईमा भएर हाल नेपालमा छुट्टी मनाईरहेका र रोजगारीमा यूएई फर्कन चाहने व्यक्तिलाई यूएईले निम्म सर्तमा प्रवेश अनुमती दिने भनेको छ:

- यूएईमै खोपको दुबै मात्रा लगाएको हुनु पर्ने (जुन अल होसन मोवाईल एप्लिकेसनमा देखीन्छ) ।
- दुबई र अन्य ईमिरेट्सको भिषा हुनेहरुले पहिले अनुमती लिनु पर्ने हुन्छ ।
- दुबई र अन्य ईमिरेट्सको भिषा हुनेहरुले पहिले अनुमती लिनुपर्ने छ ।
- दुबईको भिषा हुनेले पुरा फारम भरेर अनुमती लिनु पर्दछ भने, अन्य ईमिरेट्सको भिषा हुनेहरुले ईमिरेट्स आईडी र राहदानी नंम्बर राखेपछी यात्रा अनुमती स्वीकृत भएमा हरियो र अनुमति स्वीकृत नभएमा रातो स्टाटस देखाउँछ ।
- अराईभलबाट एउटा ईमेल आउने छ । जसमा बारकोड सहितको अनुमती हुन्छ । त्यसपछि यात्राको लागि तयारी गर्न सकिन्छ ।
- टिकट लिएपछि ४८ घण्टा नकट्ने गरी पिसिआर परीक्षणको नेगेटिभ रिपोर्ट लिनु पर्दछ ।
- साथै, नेपालको बिमानस्थलमा पनि र्‍यापिड टेस्ट गर्नु पर्दछ ।

उपयोगी लिंकहरु:

- दुबईको भिषा हुनेले फारम भरेर अनुमती लिनको लागी प्रयोग गरिने फारम: bit.ly/2VEIYy8
- अरु ईमिरेट्सको भिषा हुनेले आफ्नो स्टाटस हेर्नको लागि: bit.ly/2Vvbi6b
- आफ्नो स्टाटस हरियो भएको खण्डमा अब भर्नु पर्ने फारम: bit.ly/37iF8gt

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ।

LIVE

कथा किनाराको

सरकारले स्वास्थ्यकर्मीकै स्वास्थ्य बीमा गर्दैन

गौरिफन्टा कैलाली र कञ्चनपुर दुईवटा जिल्लालाई छुने भारतीय सीमानाका हो । सामान्य अवस्थामा पनि यस नाकामा रोजगारीका लागि भारत पस्ने र भारतबाट रोजगारी गरेर नेपाल भित्रिने नेपालीको भिड देखन सकिन्छ । कोरोना माहामारी शुरु भएसँगै यो नाका देशव्यापी चर्चित बन्यो । कारण, सरकारको कुनै तयारी नहुँदा धेरै नेपाली यही नाकामा असुरक्षित तवरले बन्दी जस्तै बने । पछि सरकारले परीक्षणका लागि हेल्थ डेस्क स्थापना गरेपछि भने अवस्था केही सहज बन्यो । त्यसबेलादेखी अहिले सम्म सिमा नाकामा खटिने एक जना स्वास्थ्यकर्मी हुन, अहेव, गणेश बहादुर साउँद ।

उनले त्यहाँ काम गर्न थालेको झण्डै डेढ वर्ष हुन थाल्यो । सो नाकाबाट दैनिक चार देखी ५ हजार नेपाली भारतबाट घर फर्कन्थे । बिहानदेखी रातीसम्म मानिसहरु फर्कने क्रम जारी रहन्थ्यो । फर्कनेको संख्या हजारौंमा थियो भने, हेल्थडेस्कमा काम गर्ने साउँद सहित चारजना कर्मचारी मात्रै थिए । एकातर्फ चैत बैशाखको गर्मिमा प्लास्टिक बेरेर बनाईएको छाप्रोमा चौबिसै घण्टा पिपिई लगाएर काम गर्नु पर्ने बाध्यता थियो भने, अर्कोतर्फ हुरी बतास आएर छाप्रो उडाएर लैजान्थ्यो । त्यसमाथी सबैलाई घरजान हतारो । बिस्तारै कर्मचारीहरु थपिएर आठ जना भए । आठ जना कर्मचारी मात्रैले दैनीक पाचँ सय जना भन्दा बढिको परिक्षण गर्ने गर्दथे । उनिहरुलाई पानी पिउने र स्वासफेर्ने समेत फुर्सद हुदैन थियो ।

> कहिले काहिँ सँगै आएका मध्ये एकजनाको रिर्पोट पोजेटिभ र अर्कोको रिपोर्ट नेगेटिभ आयो भने, "मसँगै आएको साथीको रिपोर्ट नेगेटि आयो, मेरो रिपोर्ट कसरी पोजेटिभ आयो ?" भनेर ढुंगामुढा समेत गर्ने गर्दथे ।

एकातर्फ दैनिक सयौं जनासँगको सम्पर्कमा आउदा आफुलाई समेत संक्रमण हुने डर, अर्को तर्फ कतिबेला कसले आएर ढुंगामुढा गर्ने हो भन्ने त्रास बिच पनि साउँदको टिमले बिचलित नभएर जिम्मेवारी पुरा गऱ्यो ।

कहिले काहीँ घर जाँदा पनि आफ्नै परिवारका सदस्यबाट "अब कोरोना ल्याउन बाहिर जानै नपर्ने भयो" भन्ने खालका कुराहरु पनि सुन्नु पऱ्यो । उनको भनाई मान्ने हो भने, यसरी खटिएर काम गर्ने कर्मचारीहरुलाई सरकारले भने खासै वास्ता गरेन । स्वास्थ्यर्मीले पाउनु पर्ने तलब भत्ताको कुरा त परै जाओस, अहिलेसम्म कसैको पनि स्वास्थ्य बीमा गरिएको छैन । के अरुको ज्यान जोगाउन आफ्नो ज्यानको बाजी थाप्ने राष्ट्र सेवकलाई सरकारले नजरअन्दाज गरेकै हो त ?

भोइसेस आउट लाउड - मेरो कुरा

अरु महामारीको बारेमा केही जानकारी भए पनि, कोभिड - १९ महामारी हाम्रो लागि नयाँ थियो । एकातिर स्थानीय वासिन्दामा पुरातन सोच हावी थियो । सम्भावित संक्रमितको नमुना संकलन गर्न खोज्दा, हामिलाई केही हुँदैन, भगवानले बचाउँछ भन्ने थियो । अर्कोतिर हामिसँग सुरक्षा उपकरण थिएन । युद्युव हेरेर ग्रिन हाउसको पाल काटेर पिपिई बनायौँ । त्यसै गरेर, प्लास्टिककै फिभर सेन्टर बनायौँ । जन चेतनालाई बढावा दियौँ । विस्तारै स्थानीयहरु मास्क लगाउन थाले । लक्षण देखिए परीक्षण गराउन आउन थाले र अवस्था पनि सामान्य हुँदै गयो । समग्रमा यो परिस्थितिले मलाई एउटा, अर्को महामारीसँग कसरी जुध्ने भनेर सिकायो ।

कृष्ण बहादुर सिंह

स्वास्थ्य सहायक, सामुदायिक अस्पताल,
महावै, कालिकोट

दिपेश घिमिरे

मेडिकल ल्याबरोटरी टेक्नोलोजिस्ट,
काभ्रे

मलाई याद छ, २०७६ साल चैत्र ३० गते हामिले वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको पहिलो पटक कोरोना परीक्षण गरेका थियौँ । त्यस दिनदेखि आजसम्म सेतो पहिरन पिपिइ सेटले यो शरीर छाडेको छैन । आफुलाई संक्रमण नहोस भनेर एक पटक प्रयोग गरेको पिपिई सेट नष्ट गर्ने गरेको थिएँ । कोभिसिल्डको दुबै मात्रा खोप लगाएको कारण पनि मेरो आत्मबल बढेको थियो र विश्वस्त पनि थिए कि, अब संक्रमित हुने सम्भावना छैन । तर, जब कोभिड - १९ सँग मिल्दो लक्षण देखिन थाल्यो र मैले आफुलाई परिक्षण गराउँदा संक्रमण पुष्टि भयो । निकै गाह्रो भयो । खोप लगाउँदा पनि सुरक्षित हुन त मापदण्ड अपनाउनु पर्ने नै रहेछ ।

FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

फेयर फ्याक्ट्स *महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्न प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।*

कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणलीको जवाफदेहिता नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । **Civic Action Team** *कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्न कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।*

Brought to you by:

accountabilitylab communities

DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

REACH OUT TO US ON

@CivicActionTeams

@civacts

@CivActs

Civic Action Teams

/accountability_lab

Email: civactsnp@accountabilitylab.org
Phone: 9851203219